# धितोपत्र दलाल तथा धितोपत्र व्यापारीको अनुमतिपत्रका लागि निवेदन दिने सम्बन्धी सूचना

**(प्रथम पटक प्रकाशित मिति : २०७९।०६।०२**

धितोपत्र बजारको विकास तथा विस्तार गर्दै यसको सेवा तथा गुणस्तरमा स्वच्छ, निष्पक्ष, पारदर्शी र प्रतिष्पर्धी बनाई धितोपत्र बजारमा सर्वसाधारण लगानीकर्ताको पहुँच अभिवृद्धि गर्न धितोपत्र बजारमा धितोपत्र दलाल तथा धितोपत्र व्यापारी थप गर्न आवश्यक भएकोले धितोपत्र सम्बन्धी ऐन, २०६३ र सो अन्तर्गत बनेका नियम तथा प्रचलित कानून र देहायका सर्तहरूको अधीनमा रही धितोपत्र दलाल तथा धितोपत्र व्यापारीको रूपमा धितोपत्र व्यवसाय गर्न चाहने संगठित संस्था वा कम्पनीलाई अनुमतिपत्र प्रदान गर्ने कार्य अगाडि बढाइएकोले धितोपत्र दलाल तथा धितोपत्र व्यापारीको अनुमतिपत्र प्राप्त गर्न चाहनेले निवेदन पेस गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ।

**सर्तहरूः**

१. धितोपत्र सम्बन्धी ऐन, २०६३ र सो अन्तर्गत बनेका नियम तथा प्रचलित कानूनको अधीनमा रही धितोपत्र दलाल तथा धितोपत्र व्यापारीको रूपमा धितोपत्र व्यवसाय गर्न इच्छुक, धितोपत्र सम्बन्धी ऐन तथा नियमावली बमोजिम योग्यता पुगेका संस्थाले यो सूचना प्रकाशित भएको मितिले तीस (३०) दिन भित्र धितोपत्र व्यवसायी (धितोपत्र दलाल तथा धितोपत्र व्यापारी) नियमावली, २०६४ मा तोकिए बमोजिम निवेदन, निवेदन दस्तुर, विवरण तथा कागजात संलग्न गरी बोर्ड समक्ष निवेदन पेस गर्नु पर्नेछ। निवेदन पेस गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा सोको लगत्तै कार्यालय खुलेको दिन कार्यालय समय भित्र निवेदन बुझाउन सकिनेछ।

२. निवेदन पेस गर्दा निवेदकको नाम, ठेगाना स्पष्ट खुल्ने गरी नेपाल धितोपत्र बोर्डलाई सम्बोधन गरी धितोपत्र व्यवसायी (धितोपत्र दलाल तथा धितोपत्र व्यापारी) नियमावली, २०६४ मा उल्लेखित कागजात तथा विवरणहरू पेस गर्नुपर्नेछ।

३. रितपूर्वक नभएका वा म्याद नाघी आएका वा कुनै सर्त समावेश गरी पेस भएका निवेदन उपर कुनै कारवाही हुने छैन।

४. सूचना बमोजिम पेस हुन आएका कुनै वा सबै निवेदन स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार बोर्डमा सुरक्षित रहनेछ।

५. धितोपत्र दलाल तथा धितोपत्र व्यापारीको अनुमतिपत्र सम्बन्धी अन्य व्यवस्थाहरू धितोपत्र सम्बन्धी ऐन, २०६३, धितोपत्र व्यवसायी (धितोपत्र दलाल तथा धितोपत्र व्यापारी) नियमावली, २०६४ मा उल्लेख भए बमोजिम हुनेछ।

**नेपाल धितोपत्र बोर्ड**

**खुमलटार, ललितपुर**

**फोन नं.** ०१–५५५०५११/१२ / **वेबसाइट : www.sebon.gov.np**